# कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : संविधान प्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै सूचना प्रविधि तथा आमसञ्चारको विकास गरी सर्वसाधारणसम्म पहुँच पुऱ्याउन, आमसञ्चार तथा सूचना प्रविधि क्षेत्रमा आवद्ध जनशक्तिको व्यवसायिक क्षमताको अभिवृद्धिका लागि अध्ययन, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "आमसञ्चार" भन्नाले सूचना, सन्देश, विचार, मनोरञ्जन लगायतका सामग्री सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रवाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठित परिषद् सम्झनु पर्छ ।

(ङ) "पत्रकार" भन्नाले आमसञ्चारमा प्रकाशन तथा प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन, समाचार वाचक, व्यङ्ग्यचित्रकार, भाषा सम्पादक, कार्यक्रम उत्पादक, कार्यक्रम प्रस्तोता, साजसज्जा र स्तम्भ लेखकसमेतलाई जनाउछ।

(च) "पत्रपत्रिका" भन्नाले छापा वा विद्युतिय माध्यमद्धारा प्रकाशन हुने पत्रपत्रिकालाई सम्झनु पर्छ।

(छ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रतिष्ठान सम्झिनु पर्छ ।

(ज) "प्रसारण" भन्नाले इसारा, आवाज, दृश्य, आकृति, तस्वीर वा अन्य यस्तै विषयको प्रसारण भन्ने सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ञ) "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार क्षेत्रलाई प्रमुख व्यवसाय बनाई र पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले प्रतिष्ठानको सदस्य सम्झनु पर्छ।

(ठ) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत भएको सार्वजनिक रुपमा बिक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ।

(ड) "सूचना प्रविधि" भन्नाले कम्प्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरिएका सबै स्वरुपका सूचना सृजना, उत्पादन, प्राप्ती, सम्प्रेषण वा सुरक्षण गर्ने प्रविधि सम्झनुपर्छ।

## परिच्छेद–२

## <u>प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था</u>

३. <u>प्रतिष्ठानको स्थापना</u> : (१) सूचना प्रविधि तथा आमसञ्चार माध्यमको सञ्चालन, व्यवस्थापन, प्रशिक्षण, अभिलेखिकरण र आमसञ्चार तथा सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनको लागि मन्त्रालयलाई राय परामर्श दिन कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठानको स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको कार्यक्षेत्र प्रदेशभर हुनेछ।

(३) प्रतिष्ठानको केन्द्रिय कार्यालय प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेतमा रहनेछ।

४. **प्रतिष्ठान स्वशासित र संगठित संस्था हुने** : (१) प्रतिष्ठान एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको एउटा छुट्टै छाप हुनेछ र उक्त छाप परिषद्ले स्विकृत गरे बमोजिम हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ । तर नेपाल सरकारबाट प्राप्त अचल सम्पति प्रदेश सरकार र नेपाल सरकारको अनुमतिवेगर र प्रदेश सरकारबाट प्राप्त अचल सम्पति प्रदेश सरकारको अनुमति वेगर वेचविखन गर्न तथा अनुदानको रुपमा कुनै रकम हस्तान्तरण गर्न सक्ने छैन् ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : प्रतिष्ठानको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, प्रेस क्लव, समाचार समिति आदिको अभिलेखिकरण गर्ने,

(ख) एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन आदिको स्थापना तथा सञ्चालन सम्बन्धी नीति निर्धारणमा सहयोग पुऱ्याउने,

(ग) प्रदेशको लोक कल्याणकारी विज्ञापनहरुको समानुपातिक वितरणका लागि सिफारिस गर्ने,

(घ) आमसञ्चार र सूचना प्रविधिको विकासका लागि पूर्वाधार निर्माण गर्ने कार्यमा विशेषज्ञ सेवा प्रवाह गर्ने,

(ङ) प्रतिष्ठानबाट दिइने सुविधा सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(च) चलचित्र लगायत प्रदेशभित्रका लोक संस्कृतिमा आधारित श्रव्य दृश्य सम्बन्धी कार्य गर्ने,

(छ) प्रतिष्ठान र प्रदेशभरका सम्बन्धित क्षेत्रमा रहेका जनशक्तिको क्षमता अभिवृद्धि गर्न सीपमूलक, प्रविधिमूलक, ज्ञानवर्द्धक तथा अनुसन्धानात्मक र व्यवसायिक तालिम गोष्ठी र प्रशिक्षण सञ्चालन गर्ने,

(ज) सूचना प्रविधि, आमसञ्चार र पत्रकारिता क्षेत्रमा आवश्यक प्रशिक्षण, अभ्यासमूलक कार्यशाला तथा अभ्यास प्रशिक्षण सञ्चालन गर्ने,

(झ) सूचना प्रविधि, आमसञ्चार र पत्रकारिता विषयमा अध्ययन तथा अनुसन्धान गर्ने,

(ञ) सूचना प्रविधि, आमसञ्चार र पत्रकारिता क्षेत्रमा जनशक्तिको विकासका लागि विश्वविद्यालय, विद्यालय, सञ्चारगृह र प्रशिक्षण प्रतिष्ठानहरुसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने,

(ट) प्रतिष्ठानको सूचना प्रविधि, आमसञ्चार र पत्रकारिता विषयमा समयानुकुल पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने सिफारिस गर्ने,

(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद–३

## परिषद् सम्बन्धी व्यवस्था

६. <u>परिषद्को गठन</u> : (१) प्रतिष्ठानको उद्देश्य प्राप्तिको लागी आवश्यक कार्यहरु सुव्यवस्थीतरुपले सञ्चालन गर्न गराउन र प्रतिष्ठानको सम्पूर्ण कामकारवाहीको रेखदेख तथा प्रबन्ध गर्नको लागी देहाय बमोजिमको एक सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान परिषद् गठन हुनेछ।

(क) मन्त्री - अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ङ) आमसञ्चार तथा सूचना प्रविधिका क्षेत्रबाट प्रदेश सरकारले मनोनीत गरेको एक महिला सहित दुई जना -सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका मनोनीत सदस्यहरुको पदावधी चार वर्षको हुनेछ।

७. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षको निर्देशनमा परिषद्को सदस्य– सचिवले बोलाउनेछ।

(३) परिषद्को सदस्य– सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची सात दिन अगावै परिषद्का सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(९) परिषद्का सदस्यले परिषद्को बैठकमा भाग लिएबापत प्रचलित ऐन, नियम तथा खर्च मापदण्ड निर्देशिकाले तोको बमोजिमको भत्ता पाउनेछन् ।

८. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> :(१) परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानबाट भए गरेका कामको समीक्षा गर्ने,

(घ) प्रतिष्ठानको लागि आवश्यक नियम बनाउने र निर्देशन दिने,

(ङ) प्रतिष्ठानका कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने,

(च) तोकिएबमोजिमको अन्य काम गर्ने ।

(२) उपदफा (१) बमोजिमका काम कर्तव्य र अधिकारमध्ये केही काम, कर्तव्य र अधिकार समितिले कार्यकारी निर्देशकलाई प्रत्यायोजन गरी कार्य सम्पादन गराउन सक्नेछ।

९. <u>सदस्यता कायम नरहने</u> : (१) परिषद्मा मनोनीत सदस्यहरु देहायको कुनै अवस्थामा आफ्नो पदमा बहाल रहने छैनन् :

(क) पदावधी समाप्त भएमा,

(ख) प्रदेश सरकार समक्ष राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) कुनै सूचना नदिई तीनपटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त अर्को सदस्य मनोनय गर्नु पर्नेछ।

## परिच्छेद-४

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१०. <u>कार्यकारी निर्देशक</u> : (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्नको लागि प्रदेश सरकारले देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई मन्त्रालयको सिफारिसमा कार्यकारी निर्देशक नियुक्त गर्नेछ :

(क) नेपाली नागरिक,

(ख) ३० वर्ष पुरा भै ५८ वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधी हासील गरेको तथा आम सञ्चार र सुचना प्रविधिको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा सुविधा र शर्तहरु प्रदेश सरकारको दशौं तहको निजामती कर्मचारी सरह हुनेछ ।

(४) कार्यकारी निर्देशकको नियुक्ती हुन नसकेको अबस्थामा मन्त्रालयले नवौं वा दशौं तहको अधिकृत कर्मचारीलाई कामकाजको लागी खटाउन सक्नेछ ।

११. <u>कार्यकारी निर्देशक पदमुक्त हुने अवस्था</u> : देहायको अवस्थामा केन्द्रको कार्यकारी निर्देशक पदमुक्त भएको मानिनेछ :

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) निजको मृत्यू भएमा,

१२. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u> : प्रतिष्ठानको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आर्थिक तथा प्रशासनिक कार्य सम्पादन गर्ने,

(ख) वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने,

(ग) परिषद्ले तोकेका अन्य काम गर्ने ।

१३. <u>कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने</u> : कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी इमानदारीपूर्वक पुरा नगरेमा वा निजका कार्य सन्तोषजनक नदेखिएमा वा निज खराव

आचरणमा लागेको छ भन्ने परिषद्लाई लागेमा परिषद्को सिफारिसमा प्रदेश सरकारले निजलाई पदावधि समाप्त नहुँदै निर्देशक पदबाट हटाउन सक्नेछ ।

तर पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौका प्रदान गर्नुपर्नेछ ।

१४. <u>कर्मचारी तथा प्रशिक्षक</u> : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा कर्मचारी तथा प्रशिक्षक रहने छन्।

(२) प्रतिष्ठानको लागी आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(३) प्रतिष्ठानको लागी आवश्यक पर्ने प्रशिक्षकको व्यवस्था प्रतिष्ठानले गर्नेछ ।

१५. <u>प्रशिक्षण कार्यक्रम निर्धारण गर्न सक्ने</u> : प्रतिष्ठानले आवश्यकता अनुसार सूचना प्रविधि तथा आमसञ्चार क्षेत्र सरोकार निकायसँग परामर्श गरी तालिम, प्रशिक्षण कार्यक्रम र पाठ्यक्रम निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-५

## <u>प्रतिष्ठानको कोष तथा लेखापरीक्षण सम्वन्धि व्यवस्था</u>

१६. <u>प्रतिष्ठानको कोष</u> : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारसँग स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै सरकारी बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) केन्द्रको कोषको खाता कार्यकारी निर्देशक र प्रदेश सरकारको लेखा समूहको कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

१७. **लेखा तथा लेखापरीक्षण** : (१) केन्द्रको आय-व्ययको लेखाप्रचलित कानून बमोजिम राखिनेछ।

(२) केन्द्रको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रण कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गरिनेछ।

## परिच्छेद-६

## विविध

१८. **निर्देशन दिन सक्ने**: प्रदेश सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

१९. **प्रदेश सरकारसँग सम्पर्क**: प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२० . **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यस्तो नियमहरु प्रदेश सरकारबाट स्विकृत भएपछी लागु हुनेछ ।

२१. **वार्षिक प्रतिवेदन** : प्रतिष्ठानले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र आफ्नो आय-व्यय, गतिविधि, उपलब्धी, आगामी दिनमा गर्नुपर्ने सुधार सहितको प्रतिवेदन तयार गरी मन्त्रालय मार्फत् प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने छ ।